# विपश्यना

साधकहरुका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४९ माघ २०६२ वर्ष २२ अङ्क १०


## धम्मवाणी

*मोहा सब्बे पहीना मे, भवतण्हा पदालिता ।*
*विक्खीणो जातिसंसारो, नत्थि दानि पुनब्भवो ॥*
(थेरगा. ३४४ नदीकस्सपत्थेरगाथा)

**मेरो मोह सबै नष्ट भईसक्यो । भव-तृष्णा उदीर्ण भईसक्यो । भव-संसरण समाप्त भईसक्यो । अब मेरो पुनर्जन्म हुने छैन ।**

## भगवानको उपदेश अनेकांगी

उद्गत शरीर नामक धनवान ब्राम्हणले महान यज्ञ गर्ने आयोजना गरेका थिए । उनले यज्ञको तयारी पूरा गरिसकेका थिए । सयौं गाई, गोरू, बाखा, बाखी, भेंडा, बोकाहरू यज्ञ शालामा यज्ञ स्तम्भको नजिकै बाँधिएका थिए । यज्ञ शुरु गर्नु अघि ब्राम्हण उद्गत भगवानलाई भेट्न गए । भगवानले सम्झाउनु हुँदै भन्नुभयो यस प्रकारको यज्ञ गर्ने व्यक्तिले तीन प्रकारका दुष्कर्म गर्दछ । पहिलो, मानसिक दुष्कर्म, उसले यति धेरै संख्यामा प्राणीहरूको हत्या गर्ने मनले संकल्प गर्दछ । दोस्रो वाचिक दुष्कर्म, उसले बली चढाउन मार्नेहरूलाई हतियार चलाउने आदेश दिन्छ । तेस्रो हो शारीरिक दुष्कर्म, यज्ञ गर्नका लागि ल्याइएका पहिलो पशु स्वयंले हत्या गर्दछ । यस प्रकार पुण्य कमाउनुको बदलामा अपुण्य कमाउँछ । शुभ कर्म गर्नुको साटो अशुभ कर्म गर्दछ । सुगति, स्वर्गको मार्ग खोज्नुको बदलामा दुर्गति, नरकको मार्गमा जुट्दछ । उद्गत शरीर भाग्यशाली थिए । यति ठूलो दुष्कर्म गर्नु पूर्व ऊ भगवानलाई भेट्न गए र भगवानको करुणापूर्ण वाणीले उसको हृदय परिवर्तन भयो । उसको मान्यता त यही थियो कि यति ठूलो यज्ञ गरेर महान पुण्य कमाउँछु, तर यहाँ त अपुण्य कर्म पो गर्न लागिरहेछु, पाप-कर्म पो गर्न लागिरहेछु, कुरा बुझ्न थाले । वध-शालामा बाँधिएका सबै पशुहरूलाई उसले मुक्त गरिदिए र भगवानले बताउनु भएको मार्गमा अघि बढे ।

त्यस समयमा देश भर यज्ञमार्गीहरू यसै मिथ्या धारणाले पुष्ट थिए कि यस्तो हिंसक यज्ञ गर्नाले महान पुण्य फल प्राप्त हुन्छ । मानिसहरू बडो श्रद्धापूर्वक, भक्तिपूर्वक, तप र त्यागले यस्ता यज्ञहरूको सम्पादन गर्दथे । महाधनवान राजा होस् अथवा ब्राह्मण यज्ञ गर्ने दिनमा त्यागी भएर रहन्थे । विलास-वैभवपूर्ण महल त्यागेर यज्ञशालाको कुटियामा गोबरले लिपिएको खाली जमीनमा सुत्थे । एक समान रुप र रंग भएको गाईको एउटा थूनबाट आएको दूधमात्र पिउँथे । यसप्रकार बाहिरबाट हेर्दा एकजना तपस्वीको जस्तो जीवन जिउँथ्यो, आफूले आफैंलाई कष्ट पनि दिन्थ्यो तर काम भने घिनलाग्दो नै गर्दथ्यो । यस यज्ञहरूमा धेरै संख्यामा गाई, गोरु, बाखा, बोका, भेंडा आदि मारिन्थे । तिनीहरूलाई बाँध्न धेरै कलिला रुख काट्थे । बाँध्नको लागि कुश काट्थ्यो । जजमान राजाले सबैभन्दा पहिलो बलि चढाउन आफ्नै हातले पहिलो पशु काट्थ्यो भने केही पशुहरू पुरोहित ब्राम्हणले काट्थ्यो । तर सयौं पशुहरू हत्या गर्नका लागि गाऊँमा वा शहरमा त्यति धेरै संख्यामा कसाईंहरू मात्र कहाँ पाईन्थ्यो ? त्यसैले नोकर-चाकरद्वारा यो दुष्कर्म गराउने गर्थ्यो । उनीहरूले नचाहेर पनि - आँसु झार्दै यस्तो दुष्कर्म गर्दथे । उनीहरूलाई नगरेमा धम्काउने गर्थ्यो । उनीहरू डरले पनि रूदै यस्तो जघन्य कर्म गर्दथे ।

यसरी पवित्र यज्ञको नाममा अत्यंत अपवित्र कर्म गर्ने-गराउने गर्दथे ।

हिंसा नगरिएका यज्ञ पनि यदि केवल अग्नि परिचर्यारूपी कर्मकाण्ड मात्र रह्यो भने त्यो पनि के कामको भयो ? यस विषयमा पनि भगवानले उद्गत शरीर ब्राम्हणलाई स्पष्टतया बुझाउनु भयो । उहाँले तीन प्रकारका अग्निलाई बुझाउनु पर्छ र तीन प्रकारका अग्निलाई सँधै प्रज्वलित राख्न उपदेश दिनुभयो ।

**तयोमे, ब्राह्मण, अग्गी पहातब्बा परिवज्जेतब्बा न सेवितब्बा**

ब्राह्मण, यी तीन प्रकारका अग्निलाई त्याग्नु पर्दछ, त्यसलाई हटाउनु पर्दछ, त्यसलाई सेवन गर्नु हुँदैन ।

**कतमे तयो** - कुन तीन प्रकारका ?

**रागग्गि, दोसग्गि, मोहग्गि** - राग-अग्नि, द्वेष-अग्नि र मोह-अग्नि ।

फेरि भगवानले भन्नुभयो -

**तयो खो ब्राह्मण, अग्गी सक्कत्वा गरुं-कत्वा मानेत्वा पूजेत्वा सम्मा सुखं परिहातब्बा ।**



Downloaded from http://www.dhamma.digital

- ब्राह्मण, अन्य तीन प्रकारका अग्निहरू यस्ता छन् जसको सत्कार गर्नुपर्छ, जसको गौरव गर्नुपर्छ, जसलाई सम्मान गर्नुपर्छ, जसलाई पूजा गर्नुपर्छ तथा जसलाई राम्ररी सुखपूर्वक धारण गर्नु पर्दछ ।

**कतमे तयो** - ती तीन कुन कुन हुन् ?

**आहुनेय्यग्गि, गहपतग्गि, दक्खिणेय्यग्गि ।**

(अ.नि.२.७.४७, **दुतियअग्गिसुत्त**)

- आह्वानयोग्य अग्नि, गृहपति अग्नि, दक्षिणार्ह अग्नि ।

फेरि भगवानले यी तीनै अग्निको बारेमा यस प्रकार व्याख्या गर्नु भयो ।

१) **आह्वानयोग्य अग्नि भनेको के हो ?**

आमा-बुबा नै सत्कार गर्न योग्य अग्नि हुन् । आमा-बुबा रुपी अग्निको कारणले नै सबैको जन्म हुन्छ । त्यसैले यस आहुनेय्य अग्निलाई सँधै प्रज्वलीत राख्नु पर्दछ । अर्थात आमा-बुवाको सँधै सतत सत्कार गर्नु पर्छ । उनीहरूको गौरब, सम्मान, पूजा गर्नु पर्छ र उनीहरूलाई राम्ररी सँधैं सुखपूर्वक राख्दै भरण-पोषण गर्दै रहनु पर्छ ।

२) **गृहपति अग्नि भनेको के हो ?**

जो दाजु-भाई छन्, दास-नोकर छन्, यी गृहपति अग्नि हुन् । यस अग्निलाई सँधै प्रदीप्तमान राख्नु पर्दछ । यिनीहरूको सँधैं सत्कार गर्नुपर्छ; गौरव, सम्मान, पूजा गर्नु पर्छ । उनीहरूलाई सुखपूर्वक राख्दै भरण-पोषण गर्नु पर्छ ।

३) **दक्षिणार्ह अग्नि भनेको के हो ?**

जो श्रमण ब्राह्मण विग्रह-विवादबाट अलग छन्, जो क्षमा गर्दछन्, विनम्र छन्, आफ्नो अहंलाई दमन र शमन गर्दछन्, आफ्नो राग, द्वेष र मोह रूपी अग्निलाई बुझाएर परिनिर्वाण प्राप्त गर्ने गर्दछन्, यी नै दक्षिणार्ह अग्नि हुन्, यसलाई सँधैं दीप्यमान राख्नु पर्छ । यिनीहरूलाई सँधैं सत्कार, गौरव, पूजा, सम्मान गर्दै रहनु पर्छ । यिनीहरूलाई सुखपूर्वक राख्दै भरण-पोषण गर्नु पर्छ । यिनीहरूको दैनिक जीवनका आवश्यकताहरूको पूर्ति गरिरहनु पर्छ ।

गृहस्थहरूले यी तीनै अग्निलाई सँधैं प्रदीप्त राख्नु अति कल्याणकारी छ । भगवानको उपदेशबाट प्रभावित भएर धेरैले यसलाई पालन गरेका छन् ।

केहीको विचारमा अग्नि यज्ञ गर्नु र गराउनु नै सबैभन्दा अधिक महत्वपूर्ण सत्कर्म थियो । घरबार छोडेर मुक्ति मार्गमा लाग्नु उनीहरूका लागि एकतर्फीको पुण्य कर्मको मार्ग थियो । यस्तो धारणा मध्येका एकजना संगारव नामक ब्राह्मण थियो । एक समय उनी भगवानको सामू आए र यही प्रश्न गरे कि "हामी ब्राह्मणहरू यज्ञ गर्छौं र गराउँछौं । हामी धेरै मानिसहरूको भलाई हुने काम गर्छौं अर्थात भनौं हामी धेरै मानिसहरूको पुण्यलाभ हुने मार्ग अपनाउँछौं, परन्तु जो घरबार त्यागेर प्रब्रजित हुन्छन्, उनीहरू त केवल आफ्नो मात्रै दमन-शमन गर्ने गर्दछन्, केवल आफ्नो मात्र मुक्ति हुने काममा लागिरहन्छन् । उनीहरूले मुक्ति प्राप्त गरे पनि केवल आफू एकजनालाई मात्रै हुन्छ । अत: प्रब्रजित हुनु केवल एक व्यक्तिको लाभ हुने मार्ग हो या भनौं एउटा शरीरको मात्र भलो हुने पुण्य मार्ग हो, एकांगी पुण्य मार्ग हो, तर हाम्रो त अनेकौंको हीत हुने अनेकांगी पुण्य-मार्ग हो ।"

उसको यस मिथ्या मान्यताको खण्डन गर्दै भगवानले सम्झाउनु भयो कि कोही एकजना व्यक्ति आफ्नो मिहिनतले शुद्ध, बुद्ध, मुक्त तथागत भयो भने उसले प्राप्त गरेको लाभ उसले केवल आफूमा मात्र सीमित राख्दैन । बडो करुणा पूर्वक उसले अनेकौंलाई बाँढ्दछ । जुन मार्गमा आफू हिंडेर विद्याचरणसम्पन्न भयो, त्यसैमार्गको वर्णन उसले गर्नेछ । त्यसमार्गमा लाग्नका लागि उसले सबैलाई प्रेरित गर्दछ । तथागतले गरेको उपदेश सुनेर मानिसहरू त्यसलाई पालन गर्दछन् र यहीं यसै जीवनमा आफ्नो कल्याण गर्दछन् । यस्ता मानिसहरू-

**तानि खो पन होन्ति अनेकानिपि सतानि अनेकानिपि सहस्सानि अनेकानिपि सतसहस्सानि ।**

(अ.नि.१.३.६१, **सङ्गारवसुत्त**)

- अनेक सय पनि हुनसक्छन्, अनेक हजार पनि हुनसक्छन्, अनेक लाख पनि हुनसक्छन् ।

यो सुनेर ब्राह्मण संगारवले स्वीकार गरे कि प्रबज्याको मार्ग पनि एकांगी होईन रहेछ, यो त अनेक मानिसहरूको कल्याणका लागि अनेकांगी पुण्य पथ रहेछ । तब संगै बसेका आनन्दले संगारव ब्राह्मणसित सोधे कि यज्ञ र प्रब्रज्याको मार्गमा कुनचाहीं मार्ग कम खर्चिलो छ, कम झन्झटको छ र कुन चाहीं मार्ग अधिक फल दिने, अधिक परिणाम दिने खालको छ ? संगारवले बुझे पनि यस प्रश्नको उत्तर दिन चाहेन तब भगवानले बुझाउनु भयो कि प्रब्रज्या मार्गमा लाग्यो भने तीन प्रकारका प्रातिहार्य (असाधारण ऋद्धिहरू) प्राप्त हुन्छन् । जस्तो कि-

१) **ऋद्धि प्रातिहार्य** - ऋद्धिको आधारमा अनेक प्रकारका चमत्कारको अनुभव गर्दछ । जस्तो एकजनाबाट अनेक जना हुने र अनेकबाट एकजना हुने । अंतर्धान हुने, फेरि देखा पर्ने, आकाशमा उड्ने, पानीमा हिंड्ने, जमीनमा डुबुल्की लगाउने आदि-आदि ।

२) **देशना प्रातिहार्य** - यस्तो सिद्धि प्राप्त गर्दछ जसबाट परिचित्त ज्ञान प्राप्त हुन्छ । अर्को व्यक्तिको मनमा कस्तो विचार चलिरहेको छ त्यसलाई थाहापाउँदछ ।

३) **अनुशासनी प्रातिहार्य** - धर्मको यस्तो कल्याणमयी शिक्षा अरुलाई बाँड्ने क्षमता प्राप्त गर्दछ कि चिन्तन-मननको क्षेत्रमा मात्र होईन व्यवहारको स्तरमा पनि जुन गर्न हुने काम छ त्यो गर्ने र जुन गर्न नहुने काम छ त्यो नगर्ने प्रेरणा दिन्छ, त्यसको लागि



Downloaded from http://www.dhamma.digital

उचित मार्गनिर्देशन गर्दछ । संगारवले यस तेस्रो नम्बरको ऋद्धिलाई सबैभन्दा कल्याणकारिणी थान्यो र उसले फेरि सोधे कि हे, गौतम के तपाईं बाहेक अन्य कोही भिक्षु यी तीनै प्रातिहार्यबाट सम्पन्न छ ?

तब भगवानले यसको उत्तर दिनु हुँदै भन्नुभयो ।

- हे ब्राह्मण, एकसय, दुईसय, तीनसय, चारसय, पाँचसय मात्र होईन यस्ता भिक्षुहरू अनेकौं छन् ।

यस्तो सुनेर संगारवले फेरि सोधे कि यस्तो ऋद्धि सम्पन्न भिक्षुहरू कहाँ रहन्छन् ? कहाँ विहार गर्छन् ?

त्यस समय भगवान विशाल भिक्षुसंघ सहित विहार गरिरहनु भएको थियो । उहाँले भन्नु भयो, ब्राह्मण, यसै संघमा नै छन्, यहीं हेर्न सकिन्छ ।

ब्राह्मण संगारव यस्तो सुनेर अत्यन्त आश्चर्य चकित भए र यस्तो आशुफलदायिनी, तुरून्त फल दिने मंगलमयी शिक्षाको लाभ प्राप्त गर्न तुरून्त त्यसै समयमा श्रद्धालु उपासक बने ।

त्यस समयमा समाजका धेरै भन्दा धेरै मानिसहरूमा यस्तो अन्धविश्वास फैलिएको थियो कि विभिन्न प्रकारका कर्मकाण्ड अथवा उपक्रमका साधना गऱ्यो भने मरेपछि विशुद्धि, विमुक्ति प्राप्त हुन्छ । धेरैलाई यो थाहा थिएन कि संसारमा यस्तो पनि कुनै विद्या छ जसबाट यसै जीवनमा यहीं विमुक्तिको रस स्वादन गर्न पाउँदछ र यसको अभ्यासबाट अनेकौं मानिसहरूले विमुक्तिको रस चाखेका छन् । वत्सगोत्र नामका एकजना यस्तै व्यक्ति भगवानसंग भेट्न आए र उसले भगवानको शिक्षाको व्यापक प्रचार प्रसार भएको थाहानभएको कुरा बताए । तब भगवानले उसलाई बुझाउँदै भन्नुभयो-

एकजना होइन, सयजना होइन, दुईसयजना होइन, तीनसय जना होइन, चारसयजना होइन, पाँचसय जना होइन त्यसभन्दा पनि अधिक भिक्षु उहाँको शिक्षाको अनुगमन गरेर मुक्त र अरहन्त अवस्था प्राप्त गरिसकेका छन् ।

त्यस्तै पाँचसय भन्दा धेरै संख्यामा भिक्षुणीहरूले मुक्त अरहन्त अवस्था प्राप्त गरिसकेका छन् ।

पाँचसय भन्दा अधिक गृही उपासकहरूले अनागामी अवस्था प्राप्त गरिसकेका छन् । तिनीहरू अब यस कामलोकमा फेरि जन्म लिनकालागि आउँदैन ।

पाँचसय भन्दा अधिक गृही उपासिकाहरूले अनागामी अवस्था प्राप्त गरिसकेका छन् । तिनीहरू अब यस कामलोकमा फेरि जन्म लिनेछैनन् ।

पाँचसय भन्दा अधिक गृही उपासकहरू सकृदागामी तथा स्रोतापन्न छन् । उनीहरू मुक्तिको स्रोतमा परिसकेका छन्, स्वयंले निर्वाणको साक्षात्कार गरिसकेका छन् त्यसैले सद्धर्मको प्रति अत्यन्त श्रद्धावान छन् ।

पाँचसय भन्दा अधिक गृही उपासिकाहरू सकृदागामी तथा स्रोतापन्न छन् । उनीहरू मुक्तिको स्रोतमा परिसकेका छन्, स्वयंले निर्वाणको साक्षात्कार गरिसकेका छन्, त्यसैले सद्धर्मको प्रति अत्यन्त श्रद्धावान छन् ।

यो सुनेर वत्सगोत्रलाई विश्वास भयो कि भगवानको शिक्षा सर्वत्र प्रकारले परिपूर्ण छ । यसबाट केवल तथागत शास्ता मात्र होईन उहाँका लाखौं श्रावकहरू पनि लाभान्वित छन् । यस प्रेरणाबाट प्रेरित भएर वत्सगोत्रले पनि भगवानको शरण ग्रहण गरे र प्रब्रजित भए र विपश्यना साधना सिकेर अभ्यासको थोरै समयमा नै मुक्त भए, अरहंत भए । आफ्नो मुक्ति पछि उद्‌गार प्रकट गर्दै वत्सगोत्रले भने-

**परिचिण्णो मे भगवा, परिचिण्णो मे सुगतो ।**

(म.नि.२.२००, महावच्छसुत्त)

मैले भगवानको महानतालाई चिनें, मैले सुगतको महानतालाई चिनें ।

जुन साधनाको अभ्यास गरेर शास्ता एक्लै मुक्त हुनुभयो त्यो लोकमंगलकारी कसरी हुन सक्छ ? भगवानले सिकाउनु भएको साधना केवल उहाँ एक्लैलाई मात्र होइन उहाँको जीवनकालमा नै अनेकौंको मुक्तिको कारण बन्यो ।

(साभार : त्रिपिटकमें सम्यक सम्बुद्ध-१)

## एक दिवसीय शिविरको जानकारी

१) धर्मश्रृङ्ग, ने.वि.के - अंग्रेजी महिनाको अन्तिम शनिवार
४३७१६५५, ४३७१००७

२) धम्मकीत्ति, कीर्तिपुर - प्रत्येक नेपाली महिनाको पहिलो र तेस्रो शनिवार
४३३३५५८७, ४३३५४०७

३) Y.M.B.A.,
लोक कीर्ति महाविहार, ल.पु.- प्रत्येक नेपाली महिनाको पहिलो शनिवार
५५३८४१३

४) अक्षेश्वर महाविहार,
पुल्चोक, ल.पु. - प्रत्येक नेपाली महिनाको तेस्रो शनिवार
५५२७६७०

५) बाबुराजा महर्जन,
बालकुमारी, ल.पु. - प्रत्येक नेपाली महिनाको अन्तिम शनिवार
५५४४५९३

६) D.A.V स्कूल,
धोविघाट, ल.पु. - प्रत्येक नेपाली महिनाको तेस्रो शनिवार
५५३६६२६



Downloaded from http://www.dhamma.digital

७) धर्मचक्र विहार
बागवजार - प्रत्येक पूर्णिमाको दिन
४२४५२८६, ४२६१९७६

## सामूहिक साधनाको जानकारी

| | | | |
|---|---|---|---|
| ज्योति भवन | - | दैनिक साँझ | ५:३०-६:३० |
| | | र | |
| | - | शनिवार दिउँसो | २:३०-३:३० |
| अनिल केडिया, कालीमाटी | - | शनिवार विहान | ८:००-९:०० |
| धर्मचक्र विहार, बागबजार | - | बुधवार साँझ | ४:००-५:०० |
| अक्षेश्वर महाविहार, पुल्चोक, ल.पु. | - | बुधवार विहान | ६:००-७:०० |
| Y.M.B.A. ल.पु. | - | शनिवार विहान | ७:००-८:०० |
| बाबुराजा महर्जन, बालकुमारी | - | सोमवार विहान | ६:००-७:०० |
| बेखामाया महर्जन पिंछें, ल.पु. | - | विहीवार साँझ | ४:३०-५:३० |
| सिद्धी मंगल विहार, सिद्धीपुर, थसी | - | शुक्रवार साँझ | ४:३०-५:३० |
| मुनि विहार, भक्तपुर | - | शनिवार विहान | ६:००-७:०० |
| धम्मकीत्ति, कीर्तिपुर | - | शनिवार विहान | ८:००-९:०० |

## धर्म गाथा

### हिन्दी

*सौ वर्षों की जिन्दगी, बिन प्रज्ञा ही खोय ।*
*प्रज्ञानी का एक दिन, महा मांगलिक होय ॥*

*अंतर की प्रज्ञा जगे, दुःख होय सब दूर ।*
*मैत्री करूणा प्यार से, भरे हृदय भरपूर ॥*

*जब तक जाग्रत ना हुआ, प्रज्ञा ज्ञान विवेक ।*
*तब तक मोहाछन्न है, सत्य सके ना देख ॥*

*ज्यों ज्यों अन्तर जगत में, प्रज्ञा स्थित हो जाय ।*
*काया वाणी चित्त के, कर्म सुधरते जांय ॥*

*पावक पृथ्वी पवन जल, इनका मेल मिलाप ।*
*इन चारों से ही बना, नन्हा रुप-कलाप ॥*

*अनल अनिल अबनी सलिल, महाभूत सब होय ।*
*इनके सत्य स्वभाव को, समझे ज्ञानी सोय ॥*

### हिन्दी

*सदाचरण ही धर्म है, दुराचरण ही पाप ।*
*सदाचरण सुख ही जगे, दुराचरण दुःख ताप ॥*

*शील धरम की नीवं है, ध्यान धरम की भींत ।*
*प्रज्ञा छत है धरम की, मङ्गल भवन पुनीत ॥*

*मङ्गलकारी धर्म का, ऐसा प्रबल प्रभाव ।*
*सुखे सरिता दुःख की, सुखका बहे बहाब ॥*

*जहाँ धरम की चेतना सतत तरंगित होय ।*
*वहाँ मनुज की मुक्ति का, पंथ प्रकाशित होय ॥*

*धरम रतन सा जगत में, और रतन ना कोय ।*
*दुःख दैन्य सारे मिटें, सब विधि मङ्गल होय ॥*

*दान सुखोंका मूल है, करे परिग्रह दूर ।*
*हल्का फुल्का चित्त रहे, मङ्गल से भरपूर ॥*

**मंगल कामना सहित**
**भाजुरत्न फर्मा**
**विरगञ्ज ।**

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ *माघ २०६२*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email : nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३ ४८५०, ४४३ ४७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२५ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................



Downloaded from http://www.dhamma.digital